06 October 2024

**यो आकाशवाणी हो**

**सबैभन्दा पहिला आजका मुख्य समाचार**

- **माल्दिभ्सका राष्ट्रपति श्री मोहम्मद मुइज्जु भारतको ५ दिने भ्रमणमा**
- **जम्मू–कश्मीर अनि हरियाणा विधानसभा चुनाउको मतगणनाको तयारी जोडतोडले हुँदै**
- **इजरायलले लेबनानमाथिको आक्रमणलाई अझ तीव्र पाऱ्यो**
- **हकी इण्डियाले जोहोर कपका लागि जुनियर पुरुष टीमको गऱ्यो घोषणा**
- **महिला T20 क्रिकेट विश्वकपमा भारतले पाकिस्तानलाई हरायो, अनि**
- **ग्वालियरमा भारत बाङ्ग्लादेशमाझ पहिलो टी-20 म्याच हुँदै**

**अब समाचार विस्तारमा**

**माल्दिभ्स राष्ट्रिपति**

माल्दिभ्सका राष्ट्रपति डा. **मोहम्मद मुइज्जु** भारतको ५ दिने राजकीय भ्रमणमा आज नयाँ दिल्ली आइपुग्नुभयो। उहाँ राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको निमन्त्रणामा भारत आउनु भएको हो।

उहाँलाई विमानस्थलमा विदेश राज्यमन्त्री श्री कीर्तिवर्धन सिंहले स्वागत गर्नुभएको थियो। **डा. मोहम्मद मुइज्जु**को यो भ्रमणले दुई देशबीचको दीर्घकालीन द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउनेछ।

राष्ट्रपति पद सम्हालेपछि डा. **मोहम्मद मुइज्जु**को यो पहिलो भारत भ्रमण हो। भ्रमण अवधिमा उहाँले राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुसित भेट गर्नका साथै प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग द्विपक्षीय वार्ता गर्नुहुनेछ। प्रधानमन्त्री श्री मोदीसँग द्विपक्षीय**,** क्षेत्रीय र आपसी हितका अन्तर्राष्ट्रिय विषयमा वार्ता हुनेछ। भ्रमणका क्रममा उहाँले आगरा**,** बेंङ्गलोरु र मुम्बईको पनि भ्रमण गर्नु हुनेछ।

विदेशमन्त्री डा. एस. जयशंकरले आज बेलुकी श्री **मुइज्जु**लाई भेट्नु हुँदैछ। भोलि बिहान राष्ट्रपति भवनमा उहाँको औपचारिक स्वागत गरिने छ। उहाँले राजघाटमा महात्मा गान्धीलाई श्रद्धाञ्जली पनि अर्पण गर्नुहुनेछ।

**मतगणना**

जम्मू–कश्मीर अनि हरियाणा विधानसभा चुनाउको मङ्गलबार हुने मतगणनाको तयारी जोडतोडले भइरहेको छ। मतगणनालाई सहज बनाउन हरियाणा र जम्मू कश्मीरका सबै मतगणना केन्द्रहरूमा कडा सुरक्षा व्यवस्था गरिएको छ।

हरियाणा विधानसभा चुनाउमा लगभग 67 प्रतिशत मत खसेको थियो। राज्यका सबै 90 निर्वाचन क्षेत्रमा हिजो मतदान शान्तिपूर्ण सम्पन्न भएको थियो। मतदान प्रक्रिया शान्तिपूर्ण सम्पन्न भएपछि अहिले ईभीएमहरूलाई तीन तहको कडा सुरक्षामा विभिन्न जिल्लाका स्ट्रङ्ग रुमहरूमा सुरक्षित राखिएको छ।

जम्मु कश्मीरमा 18 र 25 सितम्बर र यसै महिनाको 1 तारिक गरी तीन चरणमा मतदान भएको थियो। तीनै चरणमा कुल 63 दशमलव 8 प्रतिशत मत खसेको थियो। धारा 370 हटाएपछि केन्द्र शासित प्रदेशमा पहिलो पटक विधानसभा चुनाउ भएको हो।

**जयशंकर-कौटिल्य आर्थिक सम्मेलन**

विदेश मन्त्री डा. एस जयशंकरले भन्नुभएको छ, क्वाडले संस्थागत सहयोगका सबै परम्परागत मोडेलहरूलाई अस्वीकार गर्दछ र यसै कारण यो धेरै नवीन छ। नयाँ दिल्लीमा तेस्रो कौटिल्य आर्थिक सम्मेलनमा भएको अन्तरक्रियामा उहाँले भन्नुभयो, क्वाड, सदस्यहरूको स्वतन्त्रता र सुरक्षाको उद्देश्यका लागि मात्र गठन भएको संगठन होइन यो धेरै लाभदायक पनि छ। उहाँले भन्नुभयो, यो हिन्द प्रशान्त क्षेत्रको प्रमुख संयन्त्र मध्ये एक हो।

डा. जयशंकरले संयुक्त राष्ट्रसङ्घको विषयमा कुरा गर्दै भन्नुभयो, यो पुरानो कम्पनीजस्तै भएको छ, जसले आजको बजारसँग तालमेल गर्न सकिरहेको छैन। उहाँले भन्नुभयो, संयुक्त राष्ट्र संघ जारी रहनेछ, तर अन्य संस्थाहरू पनि सक्रियताका साथ अघि आउनेछन्।

उहाँले ए.आई. वैश्विक प्रणालीमा सबैभन्दा गहिरो कारकतत्व बन्न पुगेको बताउनु भयो। उहाँले एआई सर्वोच्चताको लागि वर्तमान समयलाई शीतयुद्धको युगसँग तुलना गर्दै भन्नुभयो, जसले यसको नेतृत्व गर्छ उसले वैश्विक व्यवस्थामा ठूलो लाभ पाउनेछ।

**दिल्ली पुलिस मेरठ हतियार**

दिल्ली पुलिसले आज उत्तर प्रदेशको मेरठमा ठूलो अवैध हतियार कारखानाको खुलासा गरेको छ। दिल्ली पुलिसको अपराध शाखाले यस मामिलामा हालसम्म दुई अभियुक्तलाई पक्राउ गरी 16 वटा हतियार जफत् गरेको छ। पुलिसले घटनाको छानबीन गरिरहेको छ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**मुम्बई - आगलागी**

मुम्बईको चेम्बुरमा आज भएको एउटा आगलागीको घटनामा तीन नाबालकसहित एकै परिवारका सात जनाको मृत्यु भएको छ। महाराष्ट्रका मुख्यमन्त्री श्री एकनाथ शिन्देले आज आगलागि भएको स्थलको भ्रमण गर्नुभयो।
उहाँले पीडितका परिवारलाई पाँच लाख रूपियाँ अनुग्रह राशि दिने घोषणा गर्नका साथै घाइते भएका दुईजनाको निशुल्क उपचार गराउने बताउनु भयो।

**इजरायल-लेबनान**

इजरायलले लेबनानमाथिको आक्रमणलाई अझ तीव्र पारेको छ। बेरुत सहरको दक्षिणी क्षेत्रमा इजरायलले ठूलो हवाई आक्रमण गरेको छ, जसका कारण शहरमा ठूलो विनाश भएको छ। लेबनानी सुरक्षा अधिकारीका अनुसार इजरायलले हिजो उत्तरी सहर त्रिपोलीमा आक्रमण गरेको थियो। इजरायलले हिजो बेरुतको दक्षिणी उपनगरको एयरपोर्ट नजिकका क्षेत्रहरूमा कम्तिमा आठपल्ट आक्रमण गरेको थियो। इजरायलले गाजाको देइर अल-बालाहमा रहेको मस्जिदमा पनि बमबारी गरेको थियो, जसमा 21 जना प्यालेस्टाइनी मारिएका थिए र दर्जनौं घाइते भएका थिए।
इजरायली सेनाका प्रवक्ता श्री **रियर एडमिरल ड्यानियल हेगारी**ले दक्षिणी लेबनानमा हिजो भएको कार्बाहीमा इजरायलले 440 **हिजबुल्लाह** लडाकुलाई मारेको र यसका दुई हजार स्थानलाई लक्ष्य बनाएको बताएका छन्।
यसैबीच, संयुक्त अरब अमिरातले बढ्दो तनाउको बीच लेबनानका जनतालाई सहयोग गर्न 100 मिलियन डलरको राहत अभियान सुरु गरेको छ। विश्व स्वास्थ्य संगठनसँगको सहकार्यमा 40 टन अत्यावश्यक चिकित्सा सहायता विमानबाट लेबनानमा पठाइएको छ।

ISSF **सुटिङ**

पेरुको लिमामा भइरहेको ISSF जुनियर सुटिङ विश्व च्याम्पियनसिपमा भारतको वर्चस्व कायम छ। पदक तालिकामा पहिलो स्थानमा रहेको भारतले अहिलेसम्ममा 13 स्वर्ण, 2 रजत र 6 काँस्य गरी कुल 21 पदक जितिसकेको छ। दोस्रो स्थानमा रहेको इटालीले 5 स्वर्णसहित कुल 12 पदक जितेको छ। च्याम्पियनसिपमा तेस्रो स्थानमा रहेको नर्वेले 4 स्वर्णसहित कुल 10 पदक जितेको छ।

**हकी टीम - जोहर कप**

हकी इण्डियाले मलेसियामा हुने सुल्तान अफ जोहोर कपको १२ औं संस्करणका लागि आज 18 सदस्यीय जुनियर पुरुष टीमको घोषणा गरेको छ। टीमको नेतृत्व नवनियुक्त मुख्य प्रशिक्षक पीआर श्रीजेशले गर्नेछन् भने आमिर अली कप्तान र रोहित उपकप्तान हुनेछन्। भारतले यसै महिनाको 19 तारिख जापानविरुद्ध खेलेर आफ्नो अभियानको थालनी गर्नेछ। त्यसपछि 20 तारिख इंग्ल्यान्डसित, 22 तारिख आयोजक मलेसियासित र 23 तारिक अस्ट्रेलियासँग खेल्नेछ। फाइनल यही महिनाको 26 तारिक हुनेछ।

**T20 विश्वकप**

महिला T20 क्रिकेट विश्वकपमा आज भारतले पाकिस्तानलाई 6 विकेटले पराजित गरेको छ। दुबई अन्तर्राष्ट्रिय स्टेडियममा पाकिस्तानले पहिला ब्याटिङ गर्दै निर्धारित 20 ओवरमा 8 विकेट खर्च गरेर 105 रन बनाएर भारतलाई जीतका लागि 106 रनको लक्ष्य दिएको थियो। लक्ष्यलाई पछयाउँदै भारतले 7 बल शेष रहँदा 4 विकेट खर्च गरेर 108 रन बनाउँदै 6 विकेटले म्याच आफ्नो बनायो।

विश्वकपमा अहिले दुबई अन्तर्राष्ट्रिय स्टेडियममा वेस्ट इन्डिज र स्कटल्यान्डको खेल शुरु भएको छ।

यसभन्दा अघि, हिजो सम्पन्न भएको खेलमा इंग्ल्याण्डले बंग्लादेशलाई 21 रनले पराजित गरेको थियो।

**क्रिकेट भारत – बांग्लादेश**

भारत अनि बांग्लादेशमाझ तीन टी-20 क्रिकेट म्याचको श्रृंखला अन्तर्गत अहिले ग्वालियरको न्यू माधवराज सिंधिया स्टेडियममा पहिलो म्याच शुरु भएको छ। ताजा समाचार अनुसार भारतले टस जितेर बोलिङ गर्ने निर्णय गऱ्यो। पहिला ब्याटिङ गर्दै बङ्ग्लादेशले 3 ओवरमा 2 विकेट खर्च गरेर 16 रन बनाएर खेलिरहेको थियो ।

श्रृंखलाको दोस्रो म्याच 9 तारीख दिल्लीमा अनि तेस्रो म्याच 12 अक्टोबरको दिन हैदराबादमा हुनेछ। यसभन्दा अघि, दुई टेस्ट म्याचको सिरिजमा भारतले बांग्लादेशलाई 2-0 ले जितेको थियो।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **माल्दिभ्सका राष्ट्रपति श्री मोहम्मद मुइज्जु भारतको ५ दिने भ्रमणमा**
- **जम्मू–कश्मीर अनि हरियाणा विधानसभा चुनाउको मतगणनाको तयारी जोडतोडले हुँदै**
- **इजरायलले लेबनानमाथिको आक्रमणलाई अझ तीव्र पाऱ्यो**
- **हकी इण्डियाले जोहोर कपक ा लागि जुनियर पुरुष टीमको गऱ्यो घोषणा**
- **महिला** T20 **क्रिकेट विश्वकपमा भारतले पाकिस्तानलाई हरायो, अनि**
- **ग्वालियरमा भारत बाङ्ग्लादेशमाझ पहिलो टी-20 म्याच हुँदै**

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो